**आकाशवाणी समाचार- नेपाली**

मितिः १७ जनवरी २०२६

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- प्रधानमंत्री नरेन्द्र मोदीले आज मालदा देखि भर्चुअल माध्यमद्वारा देशको पहिलो वन्देमातरम स्लीपर ट्रेन तथा अन्य एक दर्जन भन्दा बढी ट्रेनहरूलाई हरियो झण्डा देखाई रवाना गर्नु हुनेछ।

- महाराष्ट्र नगर निगम चुनावमा भाजपाको नेतृत्वमा रहेको महायुती गठबन्धनले ठूलो जित हासिल गरेको छ। २५ वर्ष पछि बृहत मुम्बई महानगर निगममाथि भाजपा र शिवसेना सिन्दे गठबन्धनको कब्जा भएको छ।

- विदेशमंत्रालयले भनेको छ इरानमा उत्पन्न स्थितिमाथि लगातार नजर राखिरहेको तथा त्यहाँ रहेका भारतीयहरूलाई देश छोड़ने परामर्श पूनः दोहोराएको छ।

- पोल्याण्डका उप- प्रधानमंत्री र विदेशमंत्री राडोस्लाव स्लिविस्न्स्की तीन दिने भारत भ्रमणमा नयाँ दिल्ली आई पुग्नु भएको छ।
- प्रर्वतन निदेशालय ईडीले आज फलाह विश्वविध्यालयका प्रबन्ध न्यासी र कुलपति अहमद सिद्धीकी र अन्य विरूद्ध मुद्रा शोधन मामिलामा मुद्दा दायर गरेको छ।

**प्रधानमन्त्री - वन्दे भारत स्लीपर**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज मालदा रेलवे स्टेशनमा हावडा, गुवाहाटी र कामाख्या बीच चल्ने भारतको पहिलो वन्दे भारत स्लीपर ट्रेनको उद्घाटन गर्नुहुनेछ। उहाँले गुवाहाटी-हावडा वन्दे भारत स्लीपर ट्रेनको पनि भर्चुअल रूपमा उद्घाटन गर्नुहुनेछ। पूर्ण वातानुकूलित वन्दे भारत स्लीपर ट्रेनले यात्रुहरूलाई किफायती भाडामा हवाई यात्रा जस्तो अनुभव प्रदान गर्नेछ। यसले लामो दूरीको यात्रालाई छिटो, सुरक्षित र सुविधाजनक बनाउनेछ। ८२३ यात्रुहरूको कुल क्षमता भएको वन्दे भारत स्लीपर ट्रेनमा १६ वटा आधुनिक कोचहरू छन्। हाम्रा संवाददाताले रिपोर्ट गरेका छन् -यो सेवा सामान्य यात्रीहरू, विद्यार्थीहरू, पेशेवरहरू, प्रवासी कामदारहरू, व्यवसायीहरू र तीर्थयात्रीहरूका लागि विशेष रूपमा लाभदायक हुनेछ।
प्रधानमन्त्री मोदीले पश्चिम बंगालमा चार प्रमुख रेल परियोजनाहरूको शिलान्यास गर्नुहुनेछ। यसमा बालुरघाट र हिली बीचको नयाँ रेल लाइन, नयाँ जलपाईगुडीमा अर्को पुस्ताको माल ढुवानी मर्मत सुविधा, सिलिगुडी लोको शेडको स्तरोन्नति, र जलपाईगुडी जिल्लामा वन्दे भारत रेल मर्मत सुविधाको आधुनिकीकरण समावेश छ।

**बाइट**

यी परियोजनाहरूले यात्रु र मालवाहक सञ्चालनलाई सुदृढ पार्नेछन्, उत्तर बंगालमा रसद दक्षतामा सुधार गर्नेछन् र यस क्षेत्रमा रोजगारीका अवसरहरू सिर्जना गर्नेछन्। श्री मोदीले मालदामा चार नयाँ अमृत भारत एक्सप्रेस रेलहरूलाई भर्चुअल रूपमा झण्डा देखाउनुहुनेछ।साँझ, प्रधानमन्त्रीले आसामको गुवाहाटीमा बोडो समुदायको समृद्ध सम्पदाको उत्सव मनाउने ऐतिहासिक सांस्कृतिक कार्यक्रम **बागुरुम्बा द्वो** २०२६ मा भाग लिनुहुनेछ। यस अवसरमा, बोडो समुदायका दश हजारभन्दा बढी कलाकारहरूले एकैसाथ, प्रदर्शनमा **बागुरुम्बा** नृत्य प्रस्तुत गर्नेछन्।

**रेल मंत्री – एनजेपी**

रेल मंत्री अश्विनी वैष्णवले हिजो न्यू जलपाईगुड़ी रेलवे स्टेशनको विकासका लागि चलिरहेका विकास कार्यहरूको निरीक्षण गर्नु भयो। अमृत भारत स्टेशन योजना अन्तरगत यस रेलवे स्टेशनलाई विश्व स्तरीय रेलवे स्टेशनको रूपमा विकसित गरिन्दैछ जहां सबै आधुनिक सुविधाहरू उपलब्ध हुने छन्। यस स्टेशनको विकास केंद्र सरकारको पांच सौ करोड़ रुपियाको बजट आवंटनले गरिन्दैछ। यो स्टेशन बांग्लादेश सहित नेपाल र भूटानका लागि एक महत्वपूर्ण प्रवेश द्वार हुनेछ। यसको विकास कार्यहरूले स्टेशनको क्षमता वर्तमान प्रतिदिन साठ हजार यात्रिहरूबाट बढ़ेर दुईगुणा होने छ। उहाँले एनजेपी रेलवे स्टेशनमा थप दुईवटा प्लेटफर्म बनाइन्दै छ भन्दै भविष्यमा यहाँ बाट कैयन नयाँ ट्रेनहरू संचालित हुने पनि बताउनु भयो। उहाँले यस एनजेपी रेलवे स्टेशनमाथि आईटी हब बनाइने कुरा पनि बताउनु भयो। उहाँले पश्चिम बंगाल राज्यमा 101 वटा रेलवे स्टेशनहरूको विकास गरिन्दै छ भनि बताउनु भयो। रेल मंत्रीले थप भन्नु भयो कि प्रधानमंत्री नरेंद्र मोदीले आज राज्यका लागि एक दर्जन भन्दा अधिक नयाँ ट्रेनहरूलाई हरी झंडी देखाएर रवाना गर्नु हुने छ। रेलमंत्रीले भन्नु भयो

**.......बाइट रेलमंत्री...............**

आज मलदाबाट भर्चुअल माध्यमले देशको पहिलो वन्देभारत स्लीपर ट्रेन गोवाहाटी देकि कोलकाताका लागि हरियो झण्डा देखाइ प्रधानमंत्रीले रवाना गर्नु हुने छ। यस उपरान्त कैयन अमृत भारत ट्रेनहरूलाई पनि श्री मोदिले हरियो झण्डा देखाई रवाना गर्नु हुने छ।

**<u>रात्रि बीएमसी-चुनाव परिणाम</u>**

भारतीय जनता पार्टी र एकनाथ शिंदेको नेतृत्वमा रहेको शिवसेना गठबंधनले बृहन्मुंबई नगर निगम-बीएमसी चुनावहरूमा 227 मध्ये 118 सीटमा जीत हसिल गरि स्पष्ट बहुमत प्राप्त गरेको छ। भाजपाले 89 सीटमा जीतेको छ भने शिंदेको शिवसेनाले 29 सीट जितेको छ। यसरी भाजपा-शिवसेन सिन्दे गठबंधनले देश कै सबैबन्दा धनी नगर निकायमाथि नियंत्रण रगेकोछ। पूर्ण बहुमतका लागि आवश्यक 114 सीटको आंकड़ा भन्दै महायुति गठबन्धन धेरै अधिक सीट जितेको छ। शिवसेना (उद्धव ठाकरे)-एमएनएस-एनसीपी (एसपी) गठबंधनले मात्र 72 सीट जित्न सफल भयो। अविभाजित शिवसेनाले 1997 देखि लगातार 25 वर्ष सम्म यस नगर निकायको सत्तामा थियो। उद्धव ठाकरेको नेतृत्वमा रहेको शिवसेना (यूबीटी)ले 65 सीट जीतेको छ। राज ठाकरे की महाराष्ट्र नवनिर्माण सेनाले छ सीट जितेको छ तथा राष्ट्रवादी कांग्रेस पार्टी (शरद पवार गुट)-ले केवल एक सीट मात्र जित्न सकेको छ। अन्य दलहरूमा कांग्रेसले 24 सीट, एआईएमआईएमले आठ, अजीत पवारको नेतृत्वमा रहेको एनसीपीले तीन र समाजवादी पार्टीले दुई सीट जीतेको छ। नौ साल पछि भएको यस बहुचर्चित चुनावहरूमा दुई निर्दलीय उम्मीदवारहरूले जीत हासिल गरेका छन्।

**<u>ED-अल फलाह</u>**

प्रवर्तन निदेशालयले अल फलाह विश्वविद्यालयका प्रबन्धक ट्रस्टी तथा कुलपति जवाद अहमद सिद्दीकी र अन्य विरुद्ध **धन शोधन निवारण अधिनियम**-2002 **२००२** अन्तर्गत शिकायत दायर गरेको छ। निदेशालयले अल फलाह च्यारिटेबल ट्रस्ट, अल फलाह विश्वविद्यालय र यससँग सम्बद्ध संस्थाहरूसँग सम्बन्धित अपराधको आम्दानीको उत्पादन र धन शोधन सम्बन्धमा आरोपिहरु विरुद्ध अदालतमा शिकायत दायर गरेको बताएको छ।

निदेशालयले हरियाणास्थित समूहसँग सम्बन्धित लगभग **₹१४०** करोड बराबरको सम्पत्ति अस्थायी रूपमा जफत गरेको बताएको छ। यो अनुसन्धान गत वर्ष दिल्ली लाल किल्ला कार बम विस्फोटपछि पुलिसले दायर गरेको एफआईआरमा आधारित छ। निदेशालयले अहिलेसम्म अपराधको आम्दानी लगभग **४९३** करोड अनुमान गरिएको बताएको छ, जुन नियामकहरू वा हिताधारकहरुलाई जालसाजीपूर्ण गलत प्रस्तुतीकरण र प्रवेश र शुल्क सङ्कलनमा परिणामस्वरूप गलत विवरणहरू मार्फत कमाइएको थियो।

अनुसन्धानले सिद्दीको सक्रिय भूमिका प्रकट गरेको छ, किनकि उनले अल फलाह समूहमाथि नियन्त्रण राखेका थिए र अवैध रूपमा कमाएको नाफाको प्राथमिक लाभार्थी भएको पाइएको छ।

**विदेश मन्त्रालय - इरान**

विदेश मन्त्रालयले भारतले इरानको वर्तमान अवस्थालाई नजिकबाट नियालिरहेको बताएको छ। नयाँ दिल्लीमा पत्रकारहरूलाई सम्बोधन गर्नुहुँदै विदेश मन्त्रालयका प्रवक्ता रणधीर जयसवालले भन्नुभयो- भारत इरानमा बसोबास गर्ने आफ्ना नागरिकहरूको हितमा सबै सम्भावित कदम चाल्न प्रतिबद्ध छ।उहाँले भन्नुभयो-लगभग ९ हजार नागरिकहरू, जसमा धेरैजसो विद्यार्थीहरू छन्, हाल इरानमा बसोबास गरिरहेका छन्। श्री जयसवालले भन्नुभयो- इरानको हालैको अवस्थालाई ध्यानमा राख्दै, विदेश मन्त्रालयले धेरै सल्लाहहरू जारी गरेको छ, जसमा भारतीयहरूलाई इरानको यात्रा नगर्न सल्लाह दिइएको छ र इरानमा बसोबास गर्नेहरूलाई फर्कन आग्रह गरिएको छ।चाबहार बन्दरगाहको बारेमा, श्री जयसवालले भन्नुभयो-गत वर्ष 28 अक्टोबरमा, अमेरिकी वित्त विभागले सशर्त प्रतिबन्ध छूट सम्बन्धी दिशानिर्देशहरू जारी गरेको थियो, जुन यस वर्षको 26 अप्रिलसम्म मान्य छ।उहाँले भन्नुभयो-भारत यो व्यवस्थालाई अन्तिम रूप दिन अमेरिकी पक्षसँग छलफलमा छ।

**बाइट**

**पोल्याण्ड उप-प्रधानमन्त्रीको भ्रमण**

पोल्याण्डका उपप्रधानमन्त्री तथा विदेशमन्त्री राडोस्लाव सिकोर्स्की तीन दिने भारत भ्रमणमा हुनुहुन्छ। श्री सिकोर्स्की भोलि राजस्थानको जयपुरमा हुने जयपुर साहित्य महोत्सवमा भाग लिनुहुनेछ। उहाँले नयाँ दिल्लीमा विदेशमन्त्री डा. एस. जयशंकरसँग पनि भेट गर्नुहुनेछ।

**जयशंकर - फेलोशिप कार्यक्रम**

विदेश मंत्री डा. एस. जयशंकरले नयाँ दिल्लीमा आयोजित छैटौं वार्षिक **निशस्त्रीकरण तथा अन्तर्राष्ट्रिय सुरक्षा फेलोशिप** कार्यक्रममा सहभागी ३९ देशका प्रतिनिधिहरूसँग अन्तरक्रिया गर्नुभयो। फेलोशिप सुषमा स्वराज विदेश सेवा संस्थानले आयोजना गरेको थियो। सामाजिक सञ्जालमा पोस्ट गर्नुहुँदै डा. जयशंकरले आफूले युवा सहभागीहरूसँग विश्वले सामना गरिरहेका विभिन्न सुरक्षा चुनौतीहरूबारे छलफल गरेको र तिनलाई सम्बोधन गर्न व्यावहारिक र रचनात्मक कूटनीतिको महत्त्वमा जोड दिएको बताउनुभयो।

**आसियान बैठक**

आसियान-भारत डिजिटल मन्त्रीहरूको छैटौं बैठक हिजो भर्चुअल रूपमा **"अनुकूल आसियान: कनेक्टिविटी से कनेक्टेड इंटेलिजेंस तक"** भन्ने विषयवस्तुमा सम्पन्न भयो। बैठकमा, आसियान सदस्य राष्ट्रहरू र भारतले डिजिटल समावेशीकरण र एकीकरणमा केन्द्रित क्षेत्रीय डिजिटल सहयोगलाई सुदृढ पार्ने आफ्नो साझा प्रतिबद्धतालाई पुन: पुष्टि गरेको छ। सञ्चार मन्त्रालयले भन्यो कि बैठक दूरसञ्चार सचिव अमित अग्रवाल र भियतनामका विज्ञान तथा प्रौद्योगिकी मन्त्री न्गुएन मान हुङले सह-अध्यक्षता गर्नुभएको थियो। बैठकले आसियान-भारत डिजिटल कार्य योजना २०२६ को अनुमोदनलाई स्वागत गऱ्यो|जसले सूचना तथा संचार प्रौद्योगिकी प्रशिक्षण वा क्षमता निर्माण कार्यक्रमहरू, भारत-आसियान नियामक सम्मेलन, र दूरसञ्चार सूचना तथा संचार प्रौद्योगिकी प्रशिक्षण समाधानहरूको कार्यान्वयन क्षेत्रहरूलाई समेट्छ । बैठकले डिजिटल भविष्यको लागि विशेष आसियान-भारत कोषको सञ्चालनलाई पनि स्वागत गऱ्यो।